



वर्ष ४५ | अङ्क ६ | फागुन २०७७ | फेब्रुअरी–मार्च २०२१

# समावेशी दिगो आर्थिक पुनरुत्थानको निम्ति सामूहिक प्रयास आवश्यक

## गभर्नर अधिकारीद्वारा AFI को Public-Private Dialogue बैठकलाई सम्बोधन

गभर्नर महाप्रसाद अधिकारीले कोभिड-१९ का कारण अर्थतन्त्रमा देखिएको चुनौतीको सामना गर्दै समावेशी र दिगो आर्थिक पुनरुत्थान हासिल गर्न सबै पक्षको सामूहिक प्रयास आवश्यक रहेको धारणा राख्नुभएको छ ।




Alliance for Financial Inclusion (AFI) द्वारा २०७७ माघ २२ गते आयोजित 'AFI Leaders' Public-Private Dialogue (PPD) on COVID-19: Lesson and Opportunities for Recovery and Advancing Inclusive Finance and Growth in 2021 and Beyond' विषयक भर्चुअल बैठकलाई सम्बोधन गर्नुहुँदै AFI सञ्चालक समितिको सदस्यसमेत रहनुभएका गभर्नर अधिकारीले उक्त धारणा राख्नुभएको हो । उहाँले भन्नुभयो, "कसैको एक्लो प्रयासबाट मात्रै यो महामारीले निम्त्याएको सङ्कटलाई सम्बोधन गर्न सम्भव छैन । अतः समावेशी र दिगो आर्थिक पुनरुत्थानको निम्ति सरोकारवाला सबै पक्षको पहल आवश्यक छ । सामूहिक समर्पणको भावनाबाट मात्रै त्यो सम्भव देखिन्छ ।"

कोभिड-१९ द्वारा सिर्जित सङ्कटको नकारात्मक प्रभाव केही समयसम्म देखिन सक्ने उल्लेख गर्दै गभर्नर अधिकारीले त्यसबाट अर्थतन्त्रमा आउन सक्ने चुनौतीलाई सम्बोधन गर्नका निम्ति प्रभावकारी र व्यावहारिक कार्यदिशा अवलम्बन गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । बितेको एक वर्षमा AFI को सामूहिक नीति र नियामकीय अभ्यासले कतिपय जोखिमको न्यूनीकरणमा महत्वपूर्ण भूमिका निभाएको उहाँको धारणा थियो । उहाँले भन्नुभयो, "यो अवधिमा हामीले समाजको सर्वाधिक जोखिममा रहेका वर्गको संरक्षणका निम्ति केही प्रयास गरेका छौं । यसलाई अझ प्रभावकारिताका साथ निरन्तरता दिन आवश्यक छ ।"

उक्त बैठकमा कोभिड महामारी र नेपालको सन्दर्भबारे चर्चा गर्दै गभर्नर अधिकारीले नेपालको पर्यटनसँगै लघु, साना र मझौला उद्यम/व्यवसाय बढी प्रभावित बनेको धारणा राख्नुभयो । यसलाई सम्बोधन गर्न नियामक निकायको हैसियतमा नेपाल राष्ट्र बैंकले सहजीकरणको निम्ति विभिन्न नीतिगत व्यवस्था अवलम्बन गरेको जानकारी गभर्नर अधिकारीले दिनु भयो । कोभिडबाट प्रभावित व्यवसायलाई राहतस्वरूप बैंक तथा वित्तीय संस्थामार्फत पुनरकर्जा सुविधा उपलब्ध गराइएको र सो अवधिमा विद्युतीय माध्यममार्फत हुने भुक्तानी कारोबारलाई प्रबर्द्धन गरिएको उहाँले उल्लेख गर्नुभयो ।

सो अवसरमा गभर्नर अधिकारीले समाजका महिला, विपन्न, अदक्ष श्रमिक, लघु तथा साना उद्यमी र त्यहाँ काम गर्ने श्रमिकको आर्थिक तथा सामाजिक उत्थानमा टेवा पुग्ने गरी नीतिगत व्यवस्था अवलम्बन गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । उहाँले AFI का सदस्य मुलुकमा अवलम्बन भएका नीतिगत र कार्यगत अभ्यासको अनुभव आदानप्रदानमा उक्त बैठक फलदायी हुने विश्वाससमेत व्यक्त गर्नुभएको थियो ।

सो अवसरमा AFI का कार्यकारी निर्देशक Dr. Alfred Hannig ले 'Financial Inclusion Policy Lessons Emerging from the Pandemic' विषयमा आफ्नो मन्तव्य राख्नुभएको थियो । तत्पश्चात् सहभागीहरूबीच विभिन्न विषयमा छलफल र कार्यक्रमको अन्त्यमा बैठकको समीक्षा भएको थियो ।

छलफल सत्रमा बैठकमा सहभागी अन्य केन्द्रीय बैंकका अधिकारीहरूले पनि आ-आफ्नो मुलुकमा अवलम्बन गरिएका नीतिगत व्यवस्थाबारे जानकारी गराउनुभएको थियो । बैठकमा AFI का सदस्य रहेका केन्द्रीय बैंकका गभर्नर र उच्च अधिकारीहरूसहित ३३ जनाको सहभागिता थियो ।

# गभर्नर अधिकारीद्वारा विभिन्न बजारमा क्यूआर कोडको शुभारम्भ






गभर्नर महाप्रसाद अधिकारीले २०७७ माघ महिनामा काठमाडौं उपत्यकाका विभिन्न फलफूल तथा तरकारी बजारमा क्यूआर कोड मार्फत हुने भुक्तानी कारोबारको शुभारम्भ गर्नुभयो ।

यसै क्रममा उहाँले माघ ९ गते ललितपुरको नख्खुस्थित तरकारी तथा फलफूल बजारमा क्यूआर कोडमार्फत हुने भुक्तानी सेवाको शुभारम्भ गर्नुभयो । ग्लोबल आईएमई बैंक लिमिटेड र नख्खु तरकारी तथा फलफूल बजार समितिको समन्वयमा क्यूआर कोड भुक्तानीको सुरुआत भएको हो ।

यसै गरी, उहाँले माघ १६ गते काठमाडौंको बल्खुस्थित तरकारी बजार र कुलेश्वरस्थित फलफूल बजारमा सो भुक्तानी सेवाको उद्घाटन गर्नुभयो । बल्खु तरकारी बजारसम्बद्ध समिति र एनएमबी बैंक लिमिटेडको संयुक्त प्रयासमा सो बजारमा क्यूआर कोड सेवाको थालनी भएको हो । यसैगरी, कुलेश्वर फलफूल बजार समिति र नबिल बैंक लिमिटेडको समन्वयमा कुलेश्वरमा उक्त सेवा सुरु भएको जनाइएको छ ।





कार्यक्रममा गभर्नर अधिकारीले 'नगदरहित समाज निर्माण'को निम्ति क्यूआर कोड प्रविधिलाई प्रवर्द्धन गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । त्यसको लागि आवश्यक सहजीकरण गर्न राष्ट्र बैंक सधैं तयार रहेको आस्वासन उहाँले दिनुभयो ।

नेपाल राष्ट्र बैंकले पछिल्लो समयमा नगदरहित कारोबारलाई प्रवर्द्धन गर्ने क्यूआर कोडमार्फत हुने भुक्तानी कारोबारको विस्तारलाई प्राथमिकता दिँदै आएको छ ।

# सर्लाहीमा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तरक्रिया

जनकपुर कार्यालयले २०७७ माघ १९ गते सर्लाहीको हरिवनमा 'सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।



कार्यालयका निर्देशक दुर्गेशगोपाल श्रेष्ठको सभापतित्वमा आयोजित कार्यक्रममा सर्लाहीस्थित बैंक तथा वित्तीय संस्था, इलाका प्रशासन कार्यालय, प्रहरी कार्यालय, मालपोत कार्यालय, प्रदेश-२ स्थित आन्तरिक मामिला मन्त्रालयका प्रतिनिधि लगायत ८४ जनाको सहभागिता थियो ।

कार्यक्रममा वित्तीय जानकारी इकाईका उप-निर्देशक मेदनीप्रसाद पोखेल र सहायक निर्देशक सत्येन्द्रमणि त्रिपाठीले सम्पत्ति शुद्धीकरण निवारण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीअन्तर्गत पर्ने कारोबार, यसको नियन्त्रणमा सरोकारवाला निकायको अन्तरसम्बन्ध र गो-एएमएल प्रणालीका विशेषता, सञ्चालन संरचना र यसले समेट्ने क्षेत्रहरूबारे वार्ता प्रस्तुत गर्नुभयो । साथै, उहाँहरूले सहभागीद्वारा राखिएका जिज्ञासालाई समेत सम्बोधन गर्नुभएको थियो ।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै बैंकिङ विकास तथा अनुसन्धान इकाईका उप-निर्देशक अशोककुमार राईले स्वागत मन्तव्य तथा कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभएको थियो भने प्रधान सहायक गोपालबहादुर बुढाथोकीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# वित्तीय जानकारी इकाई र भन्सार विभागबीच समझदारी

सम्पत्ति शुद्धीकरण निवारण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका निम्ति वित्तीय जानकारी इकाई र भन्सार विभागबीच आपसमा सहकार्य गर्ने समझदारी भएको छ ।



customs.gov.np

२०७७ माघ १० गते काठमाडौंमा आयोजित कार्यक्रमका बीच इकाई र विभागबीच उक्त समझदारी भएको हो । सझदारीपत्रमा इकाईका निर्देशक दीर्घबहादुर रावल र विभागका महानिर्देशक सुमन दाहालले हस्ताक्षर गर्नुभयो ।

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण नियमावली, २०७३ को मुद्रा तथा धारक विनिमय अधिकारपत्रको विवरण प्रवाहलगायत सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी एवम् आम विनाशकारी हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानीविरुद्ध लड्न समझदारी कायम गर्ने उद्देश्यले उक्त समझदारी भएको हो । समझदारी पत्रमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणका लागि आवश्यक सूचना आदान प्रदान गर्ने र यससम्बन्धी अन्य विषयमा आपसी सहयोग र समन्वयका लागि विभागको अनुसन्धान तथा अनुपालना शाखाका निर्देशकको संयोजकत्वमा वित्तीय जानकारी इकाईका उप-निर्देशक र सहायक निर्देशक तथा विभागको अनुगमन शाखाका शाखा अधिकृत सदस्य रहेको एक समन्वय समिति गठन गरिने उल्लेख छ ।

विभागले शङ्कास्पद मुद्रा तथा धारक विनिमेय अधिकारपत्रको विवरण इकाईलाई उपलब्ध गराउन विभागले आवश्यक व्यवस्था गर्ने र विभागलाई आवश्यक परेको सूचना इकाईले उपलब्ध गराउनेसमेत समझदारी पत्रमा उल्लेख छ ।

दुई निकायबीच भएको उक्त समझदारीसँगै सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुन सक्ने वित्तीय लगानीलाई निरुत्साहित गर्न सहयोग पुग्ने विश्वास लिइएको छ ।

# पूर्वाधार विकास बैंकको लागि जारी निर्देशनमा संशोधन

नेपाल राष्ट्र बैंकले पूर्वाधार विकास बैंकको लागि जारी गरिएको निर्देशन, २०७५ मा संशोधन तथा परिमार्जन गरेको छ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७७ माघ २७ गते एक परिपत्र जारी गर्दै यसको कार्यान्वयन गर्न सम्बद्ध बैंकलाई निर्देशन दिएको छ। संशोधित व्यवस्था अनुसार पूर्वाधार विकास बैंकले प्रादेशिक एवम् स्थानीय सरकारको अगुवामा सार्वजनिक निजी साझेदारी मोडेलबाट प्रवर्द्धित कृषि, स्वास्थ्य, पर्यटन, शिक्षा, फोहोरमैला व्यवस्थापन र ढल निकाससम्बन्धी परियोजनामा रु.१० करोड वा सोभन्दा बढी कर्जा तथा सुविधा प्रदान गर्न सक्नेछन्।

# उच्च व्यवस्थापनस्तरीय तनाव व्यवस्थापन कार्यक्रम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रको २०७७ माघ २३ र २४ गते बैंकका उच्च पदस्थ अधिकृतहरूको निम्ति दुई दिने 'तनाव व्यवस्थापन' कार्यक्रम आयोजना गर्‍यो।

गभर्नर महाप्रसाद अधिकारीको प्रमुख आतिथ्यमा केन्द्रले उक्त कार्यक्रम आयोजना गरेको हो। सो अवसरमा गभर्नर अधिकारीले कोभिड महामारीबाट विश्वभर आर्थिक र मानवीय क्षति भएको चर्चा गर्दै बैंकको कार्यसम्पादनमा समेत यसको प्रभाव देखिएको धारणा राख्नुभयो। यस्ता कार्यक्रमबाट सम्बद्ध अधिकृतहरूमा तनाव न्यूनीकरणमा टेवा पुगी बैंकको कार्यसम्पादन तथा उत्पादकत्व अभिवृद्धि हुने विश्वास समेत उहाँले व्यक्त गर्नुभयो।

सो अवसरमा बैंकर्स प्रशिक्षण केन्द्रका निर्देशक आनन्द पौड्यालले कार्यक्रमको आवश्यकता, उद्देश्य, महत्व र उपादेयतामाथि प्रकाश पार्नुभयो। दुई सत्रमा सञ्चालित उक्त कार्यक्रमको पहिलो दिनको सत्रमा जीवन विज्ञान प्रतिष्ठानका विज्ञ रमेश नेपालले योग, ध्यान, प्राणायामका सैद्धान्तिक पक्षबारे चर्चा गर्नुभयो। दोस्रो दिन उहाँले तनाव व्यवस्थापनका व्यावहारिक, प्रायोगिक र जीवनोपयोगी पक्षबारे धारणा राख्नुभयो। उहाँले दैनिक जीवनमा सकारात्मक चिन्तनका विविध आयामबारे चर्चा गर्नुभएको थियो।

कार्यक्रममा वरिष्ठ डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले समापन मन्तव्य राख्दै तनाव व्यवस्थापन सम्बन्धी कार्यक्रम जीवनोपयोगी, सान्दर्भिक र प्रभावकारी भएको चर्चा गर्नुभयो। कार्यक्रममा विभिन्न विभाग/कार्यालयका कार्यकारी निर्देशक तथा निर्देशकहरूसहित ७० जनाको सहभागिता थियो। बैंकर्स प्रशिक्षण केन्द्रका उप-निर्देशक लक्ष्मीनारायण ताम्राकारले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# बैंकर्स प्रशिक्षण केन्द्रद्वारा दुई वटा तालिम सम्पन्न

बैंकर्स प्रशिक्षण केन्द्रले २०७७ माघ ११-१६ मा 'Macroeconomic Management' विषयक तालिम कार्यक्रम आयोजना गर्‍यो।

उक्त तालिममा नेपाल राष्ट्र बैंकका विभिन्न विभाग, कार्यालय, महाशाखा, ईकाइका ४६ जना कर्मचारीको सहभागिता थियो। १७ वटा सत्रमा सञ्चालित उक्त तालिममा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक, निर्देशक, प्राध्यापक लगायत आर्थिक क्षेत्रका विज्ञ प्रशिक्षकले प्रशिक्षण दिनुभएको थियो।

यसै गरी, सो केन्द्रले माघ २५-३० मा 'Management Development Program' विषयक तालिम आयोजना गर्‍यो। उक्त तालिममा बैंकका ४८ जना कर्मचारीको सहभागिता थियो। १८ वटा सत्रमा सञ्चालित तालिममा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जीवन विज्ञान प्रतिष्ठान, नेपाल योग संस्था, निजी तथा सार्वजनिक क्षेत्रका व्यवस्थापकीय अनुभव हासिल गरेका प्रशिक्षकद्वारा प्रशिक्षण दिइएको थियो।

दुवै तालिम कार्यक्रमहरू भर्चुअलको माध्यमबाट सञ्चालन गरिएका थिए। केन्द्रका निर्देशक आनन्द पौड्यालले दुवै तालिम कार्यक्रमको उद्घाटन गर्नुभयो। सो अवसरमा निर्देशक पौड्यालले आवश्यकता, उद्देश्य, औचित्य तथा महत्वबारे प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो। केन्द्रका उप-निर्देशक लक्ष्मीनारायण ताम्राकारले तालिम कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# सिद्धार्थनगरमा ज्ञान आदानप्रदान, अनुशिक्षण र योग शिविर




सिद्धार्थनगर कार्यालयले २०७७ माघ ७ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो । निर्देशक सुदीप फुयालको उपस्थितिमा आयोजित सो कार्यक्रममा कार्यालयका करार सेवाका चिकित्सक प्रा.डा. बद्री गुप्ताले स्वास्थ्य सचेतनाका समसामयिक विषयमा प्रस्तुति दिँदै कोभिड-१९ महामारी र यसबाट मानव स्वास्थ्यमा पर्ने असरका बारेमा विस्तृत जानकारी दिनुभएको थियो । साथै उहाँले उमेरअनुसार प्रतिरोधात्मक क्षमता, कोभिड-१९ लगायत अन्य सरुवा रोगहरू सर्ने माध्यम तथा स्रोतहरू, यसबाट बच्ने उपाय, सुरक्षित रहन पालना गर्नुपर्ने आचरण र व्यवहारबारे प्रष्ट पार्नुभयो । सो अवसरमा डा. गुप्ताले सहभागीले राखेका जिज्ञासाको जवाफसमेत दिनुभएको थियो । कार्यक्रममा सिद्धार्थनगर कार्यालयका कर्मचारीहरूको सहभागिता थियो ।

यसै गरी, कार्यालयले माघ १६ गते 'उत्प्रेरणा र सशक्तीकरणका माध्यमबाट कार्यसम्पादन विकास' विषयक अनुशिक्षण कार्यक्रम आयोजना गर्‍यो ।

दुई वटा सत्रमा विभाजित उक्त कार्यक्रमको पहिलो सत्रमा निर्देशक सुदीप फुयालले 'नेपाल राष्ट्र बैंकमा जनशक्ति व्यवस्थापन' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । यस क्रममा उहाँले बैंकको जनशक्ति व्यवस्थापनको विद्यमान पद्धतिबारे उल्लेख गर्दै कर्मचारीको कार्यक्षमता अभिवृद्धि गर्न चालिएका कदमबारे जानकारी दिनुभयो ।

अनुशिक्षणको दोस्रो सत्रमा लुम्बिनी वाणिज्य क्याम्पसका सह-प्राध्यापक राजेन्द्र लम्सालले 'गतिशील सङ्गठनमा नवीनतम व्यवस्थापकीय शैली' विषयक वार्ता प्रस्तुत गर्दै नेतृत्वशैलीको सैद्धान्तिक तथा व्यावहारिक पक्षबारे चर्चा गर्नुभयो । सफल नेतृत्व विकासका चुनौतीबारेमा समेत उहाँले चर्चा गर्नुभएको थियो ।

कार्यक्रमको समापन गर्दै सिद्धार्थनगर कार्यालयका निर्देशक फुयालले नैतिकवान नेतृत्वको आवश्यकतामा जोड दिँदै बैंकमा कर्मचारीको वृत्ति विकासमा मौद्रिक तथा गैरमौद्रिक उत्प्रेरणा विषयमा चर्चा गर्नुभयो ।

सहायक निर्देशक छविलाल घिमिरेले सञ्चालन गर्नुभएका उक्त कार्यक्रममा कार्यालयका ५१ जना कर्मचारीको सहभागिता थियो ।

यसै गरी सो कार्यालयले कर्मचारीको तनाव व्यवस्थापनमा टेवा पुर्‍याउने उद्देश्यले माघ १७ गते योग शिविर कार्यक्रम सञ्चालन गर्‍यो । सो अवसरमा निर्देशक फुयालले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो ।




दुई वटा सत्रमा विभाजित कार्यक्रमको पहिलो सत्रमा पतञ्जली योगपीठ, लुम्बिनी प्रदेशका सल्लाहकार एवम् वरिष्ठ योग प्रशिक्षक गिरीजेशशरण चौधरीले योग प्रशिक्षण र दोस्रो सत्रमा ध्यान तथा तनाव व्यवस्थापनको प्रयोगात्मक अभ्यासहरूसहित प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा ४१ जना कर्मचारीको सहभागिता थियो । कार्यक्रम सञ्चालन सहायक निर्देशक माधवराज ढकालले गर्नुभएको थियो ।



# सुपरिवेक्षकीय सूचना प्रणाली (एसआईएस): संक्षिप्त परिचय



सत्येन्द्रराज सुवेदी
उप-निर्देशक

## एसआईएसको आवश्यकता

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरू नेपालको वित्तीय क्षेत्र सम्बन्धी तथ्याङ्कका प्रमुख स्रोत हुन् । यस्ता तथ्याङ्कलाई यथार्थपरक, व्यवस्थित र वस्तुनिष्ठ बनाउन तथा आवश्यक परेको वेलामा जुनसुकै समयमा यसको सहज उपलब्धताका लागि विगतदेखि नै बैंकको प्रयास रहँदै आएको छ। यस क्रममा विद्यमान व्यवस्थामा रहेका कमजोरीहरूलाई परिस्कृत गर्दै बैंकमा प्राप्त तथ्याङ्कमा हुन सक्ने त्रुटिलाई सकेसम्म संस्थाले स्वयम पहिचान गर्न सक्ने संयन्त्रको सुनिश्चित गर्न, प्राप्त तथ्याङ्कको आधारमा यस बैंकलाई आवश्यक विविध रिपोर्टहरू स्वचालित प्रक्रियाबाट निकाल्न सकिने व्यवस्था गर्न र यी सबै कार्यबाट बैंकको सुपरिवेक्षकीय क्षमता अभिवृद्धि गर्न सूचना प्रविधिमा आधारित सुपरिवेक्षकीय सूचना प्रणाली (Supervisory Information System-SIS) को विकास गरिने विषय आर्थिक वर्ष २०७१-७२ को मौद्रिक नीतिदेखि नै परिकल्पना गरिँदै आइएको थियो । यसै अनुरूप एसआईएसको अधिकांश कार्य सम्पन्न भई इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा यो प्रणाली समानान्तर रूपमा कार्यान्वयनको चरणमा प्रवेश गरिसकेको छ ।

## एसआईएसले समेटेको क्षेत्र

सुपरिवेक्षकीय सूचना प्रणालीको निर्माण प्रक्रिया सुरु गर्दा यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई मात्र उक्त प्रणालीमा समावेश गर्ने र त्यसमा पनि ती संस्थाले बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पेस गर्ने नियमित वित्तीय विवरणलाई मात्र समेट्ने सोच बनाइएको थियो। सोही अनुसार नै प्रणालीको विकास गर्ने गरी प्रस्ताव (Request for Proposal-RFP) लाई अन्तिम रूप दिइएको थियो । तर, बैंक तथा वित्तीय संस्थाले यस बैंकका अन्य विभागहरू जस्तै; आर्थिक अनुसन्धान विभाग, भुक्तानी प्रणाली विभाग, बैंकिङ विभाग, मुद्रा व्यवस्थापन विभाग र विदेशी विनिमय व्यवस्थापन विभागमा समेत नियमित रूपमा तथ्याङ्क पेस गर्नुपर्ने भएको हुँदा ती तथ्याङ्कहरू यस प्रणालीले नसमेट्ने देखियो । यसबाट तथ्याङ्क पेस गर्ने बैंक तथा वित्तीय संस्थामा नियामकीय बोझ अझ बढ्ने, फरकफरक विभागमा पठाउने समान प्रकृतिका तथ्याङ्कमा समेत एकरूपता कायम गर्न भिन्दै संयन्त्रको विकास गर्नुपर्ने, यस बैंकभित्रकै विभिन्न विभागबाट प्रकाशन गरिने तथ्याङ्कमा समेत सामञ्जस्यता कायम हुन नसक्ने र तथ्याङ्क प्रकाशनमा आउन सक्ने फरकपनका कारण तथ्याङ्कको विश्वशनीयतामा प्रश्न उठ्न सक्ने, कुनै प्रतिवेदनहरू स्वचालित प्रविधिमा आधारित भई अन्य विभागका प्रतिवेदनहरू निकाल्न विद्यमान ढाँचामै भर पर्नुपर्ने र ती विभागमा robust data repository को अभाव भइरहने लगायतका समस्या रहिरहने अवस्था देखियो । सोही अनुरूप आपूर्तिकर्ता कम्पनीलगायत सम्बन्धित सबै सरोकारवाला पक्षसँग छलफल गरी पहिलेको प्रस्तावमा आवश्यक परिमार्जनसमेत गराई इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले यस बैंकका सबै विभागमा पेस गर्ने नियमित प्रकृतिको तथ्याङ्कलाई यसै प्रणालीबाट मात्र पेस गर्नुपर्ने गरी एसआईएस प्रणाली विकास गरिनुका साथै भुक्तानी प्रणाली विभाग र विदेशी विनिमय व्यवस्थापन विभागबाट अनुमतिप्राप्त सबै संस्थाहरूको तथ्याङ्कीय आवश्यकतालाई यसै प्रणालीमा आवद्ध गर्ने गरी उक्त प्रणालीको विकास गरिएको हो ।

## एसआईएस कार्यान्वयनको पछिल्लो अवस्था

एसआईएस सम्बन्धी पहिले तय गरिएको RFP लाई यस बैंकका सबै विभागको आवश्यकता समेटी परिमार्जन गरिएको र परिमार्जित चरण अनुसार २०७४ पुस महिनाबाट योजनाबद्ध तरिकाले कार्य सुरु गरिएको हो । पहिलो चरणमा सुरुको RFP बमोजिमको कार्यलाई प्राथमिकतामा राखियो र करिब दुई वर्षको अवधिमा अधिकांश कार्य सम्पन्न गरी २०२० को जनवरीदेखि पाइलट परीक्षणको रूपमा इजाजतपत्रप्राप्त 'क' वर्गका वाणिज्य बैंक र पूर्वाधार बैंक लिमिटेडमा कार्यान्वयनमा ल्याइयो । पाइलट परीक्षणको क्रममा देखिएका समस्याको समाधान र परिमार्जित RFP बमोजिम यस बैंकका अन्य विभागको आवश्यकतालाई दोस्रो चरणमा प्राथमिकता दिँदै जनवरी १, २०२१ देखि अन्य वित्तीय संस्थालाई समेत पाइलट परीक्षणमा लगिसकिएको छ भने मार्च १, २०२१ देखि यस प्रणालीलाई Go-live गरी कार्यान्वयनमा लैजाने सोच राखिएको छ । साथै, भुक्तानी प्रणाली विभाग र विदेशी विनिमय व्यवस्थापन विभागबाट इजाजत लिएका संस्थालाई समेत यस प्रणालीमा आवद्धता गराउन तीव्र गतिमा कार्य भइरहेको छ ।

## एसआईएसको मुख्य मोड्युलको संक्षिप्त जानकारी

### अफसाइट मोड्युल

यस प्रणालीमा आवद्ध बैंक तथा वित्तीय संस्था र अन्य अनुमतिपत्रप्राप्त संस्था र यस बैंकका विभागहरूको Entity registration र user management, यस बैंकका विभागहरूको रजिस्ट्रेशन तथा युजर व्यवस्थापनको कार्य

यस मोड्युलमा रहेका छन् । इजाजतपत्रप्राप्त संस्थाहरूको बोर्ड, प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापकीय कर्मचारी र विभिन्न समितिमा रहेका सदस्यको परिमार्जित विवरण राख्ने र संस्थाका सबै किसिमका नियम, विनियम, कार्यविधि अपलोड हुने व्यवस्था यस मोड्युलमा राखिएको छ ।

त्यसैगरी सम्बद्ध सबै संस्थाले यस बैंकसमक्ष पेस गर्ने नियमित तथ्याङ्कलाई समेत यसै मोड्युलमा समेटिएको छ । सम्बद्ध संस्थाले पेस गर्ने तथ्याङ्कका ढाँचाहरू तयार गर्दा संसारका धेरैजसो देशका नियामक निकायले पछिल्लो समयमा प्रयोग गर्दै आएका eXtensible Business Reporting Language (XBRL) को प्रयोग गरिएको छ ।

### अनसाइट मोड्युल

इजाजतपत्रप्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाको जोखिममा आधारित सबै प्रकारका स्थलगत निरीक्षणको योजना बनाउनेदेखि सम्बन्धित संस्थामा प्रारम्भिक प्रतिवेदन पठाउने, उक्त संस्थाले सो प्रतिवेदनको प्रत्युत्तर पठाउने, सो प्रत्युत्तर समेतको आधारमा नेपाल राष्ट्र बैंकको माथिल्लो तहको निर्णय बमोजिम सम्बन्धित संस्थामा स्थलगत निरीक्षणको अन्तिम प्रतिवेदन पठाउने र सो प्रतिवेदनउपर दिइएको निर्देशनको पालना गराउने, पालना नभएमा सोको अनुगमन गर्नेसम्मका कार्यहरू यस अनसाइट मोडलबाट सम्पन्न हुनसक्ने गरी एसआईएस प्रणाली निर्माण गरिएको छ ।

### रिपोर्ट मोड्युल

एसआईएसका सन्दर्भमा बैंकका लागि यो नै सबैभन्दा महत्वपूर्ण मोड्युल हो । यसको प्रयोग गरी बैंकको लागि आवश्यक विभिन्न प्रतिवेदन तयार गरिन्छन् । यस्ता प्रतिवेदनको आधार भनेको अफसाइट मोड्युलबाट प्राप्त तथ्याङ्क तथा अनसाइट मोड्युलमा रहेको स्थलगत निरीक्षणका विवरणहरू नै हुन् । बैंक तथा वित्तीय संस्था नियमन विभागबाट दिइने निर्देशनबमोजिम कायम हुनुपर्ने नियामकीय प्रावधान जस्तै CRR, SLR, CAR, Deprived sector lending, Priority Sector Lending आदि पुगे नपुगेको व्यहोरा, संस्थाका दर्ता तथा इजाजतपत्र सम्बन्धी विवरण, शाखा, एटीएम सञ्जाल, सञ्चालक समिति तथा कर्मचारी सम्बन्धी विवरण आदि यसै मोड्युलबाट प्राप्त गर्न सकिन्छ । साथै, यो मोड्युलले Bisuness Intelligence Tool (BI tool) प्रयोग गर्ने भएकोले नयाँनयाँ प्रतिवेदन बनाउन सहज हुनेछ भने प्रतिवेदनहरूलाई विगतका वर्षको Trend analysis, Ratio analysis, graph जस्ता माध्ययमबाट सहजै विश्लेषण गर्न सकिने छ र यसमा उच्च व्यवस्थापकको समेत पहुँच रहेको छ ।

### एसआईएस कार्यान्वयनको सन्दर्भमा राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्थाको बदलिँदो भूमिका

### राष्ट्र बैंकको भूमिका

एसआईएसको कार्यान्वयनका लागि बैंक सुपरिवेक्षण विभागमा गठित सुपरिवेक्षकीय सूचना प्रणाली इकाईको भूमिका महत्वपूर्ण मानिएको छ । कर्मचारीको नियमित सरुवा वा बढुवाको कारण उक्त इकाईको कार्यमा पर्न सक्ने अवरोधलाई उत्तराधिकार योजनाबाट व्यवस्थापन गर्नुपर्ने देखिन्छ । यस बैंकबाट जारी गरिने निर्देशनबाट एसआईएसको कुनै पनि मोड्युलमा हुनसक्ने परिमार्जनलाई न्यूनतम समयावधिभित्र समायोजन गर्नुपर्ने देखिन्छ । बैंक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारीलाई समयसमयमा यस प्रणालीको तालिम प्रदान गर्नसमेत आवश्यक संख्यामा प्रशिक्षकको रोष्टर तयार गर्नुपर्ने दायित्व समेत नेपाल राष्ट्र बैंकमा रहेको छ । त्यसै गरी, एसआईएस प्रणाली भविष्यमा एउटा विशिष्ट पद्धतिको रूपमा स्थापित हुने भएकोले साईबर सुरक्षालाई समेत अत्यन्तै सम्वेदनशील रूपमा लिई सोबमोजिम जोखिम न्यूनीकरणका लागि यस बैंकले आवश्यक संयन्त्रको दीर्घकालीन व्यवस्था गर्नुपर्ने देखिन्छ । अन्त्यमा, बैंक तथा वित्तीय संस्थालगायतका विविध किसिमका प्रतिवेदन प्रणालीको रिपोर्ट मोड्युलबाट प्राप्त गर्न सकिने भएकाले गैरस्थलगत सुपरिवेक्षण प्रणालीतर्फ निर्भरता बढाई सोको आधारमा देखिएका समस्यालाई आधार मानी स्थलगत निरीक्षण गर्न जाने अन्तर्राष्ट्रिय अभ्यासलाई अनुसरण गर्दै सुपरिवेक्षकीय स्रोत साधनको अधिकतम उपयोग गर्नेतर्फ सोच बढाउनु आवश्यक देखिन्छ ।

### बैंक तथा वित्तीय संस्था र अन्य रिपोर्टिङ संस्थाको भूमिका

एसआईएस प्रणालीमा बैंक तथा वित्तीय संस्थाले पेस गर्ने प्रतिवेदनका ढाँचामा धेरै नै विस्तृतीकरण भएका छन् । कतिपय विवरण बैंकहरूको वित्तीय प्रणालीमा नै नरहन सक्छन् भने कतिपय विवरण प्राप्त गर्न सहज नहुने स्थिति हुनसक्छ । हाल तयार गरिएका विवरणका ढाँचाहरूले नियामकीय रूपमा पालना गर्नुपर्ने न्यूनतम मापदण्डलाई मात्र आधार नबनाई नीति निर्माणमा आवश्यक रहेका तर विद्यमान अवस्थामा नभएका, अन्य देशहरूको तुलनामा हालसम्म नलिइएका तथा जोखिम विश्लेषण एवम् अनुगमन गर्न आवश्यक ठानिएका कतिपय विवरणहरू समेत समावेश गरिएकोछ । अत: देशको आर्थिक विषयमा आवश्यक भएको तर हालसम्म उपलब्ध नभएका तथ्याङ्क र विवरणहरू अत्यावश्यक रहेकोले विद्यमान प्रणालीलाई समयानुकुल परिमार्जन गर्नु र त्यसका लागि निक्षेपकर्ता तथा ऋणीबाट आवश्यक पर्ने विविध विवरण लिई एसआईएसको सबै फारमहरूको यथाशक्य छिटो रिपोर्टिङ गर्ने दायित्व बैंक तथा वित्तीय संस्थामा थपिएको छ ।

# क्यूआर कोडमा आधारित भुक्तानी प्रवर्द्धनका उपायहरू



विनोद बजगाई
सहायक निर्देशक

सुरुवाती दिनमा क्यूआर कोडलाई हेरेर कसैले अनुमान लगाउन सकेको थिएन होला, यो आज नेपाल जस्तो विकासशील मुलुकका खुद्रा पसल र चोक बजारका तरकारी पसलमा भुक्तानी स्वीकार गर्ने भरपर्दो माध्यम बन्न सक्छ भनेर । सवारी साधनका पार्टपुर्जाको लगत राख्ने प्रयोजनका लागि बारकोडको क्षमता विस्तार गर्ने गरी सुरु भएको यस चित्रमा आधारित भुक्तानी उपकरणको पर्याप्त अक्षर, अङ्क र सङ्केतहरू भण्डार गर्न सक्ने क्षमताका साथै प्रयोग गर्न सहज भई न्यून जडान शुल्कले गर्दा छोटो समयमा लोकप्रिय हुन सफल भयो ।

सन् २०१२ तिरै नेपाली बजारमा प्रारम्भ गरिए पनि भुक्तानी स्वीकार गर्ने पर्याप्त पसल (मर्चेन्ट)हरू उपलब्ध नभएको र भरपर्दो मोबाइल इन्टरनेट सुविधाको अभावले विस्तार हुन नसकेको क्यूआर कोड सन् २०१७ तिर द्रुत गतिको इन्टरनेट सेवा विस्तार र युवा वर्गको जागरुकताका कारण बजारमा पुनःप्रवेश पाउन सफल भयो । प्रारम्भिक दिनमा निजी क्षेत्रको एकल प्रयासमा प्रवर्धित क्यूआर कोड प्रयोग पछिल्लो समयमा नियामक निकायको नीतिगत सहयोग, जनचेतना अभिवृद्धिका साथै कारोबारका क्रममा प्राप्त हुने छुट, नगद फिर्ता (क्यासब्याक) लगायतका प्रोत्साहनका कारण पछिल्लो समय तीव्र गतिमा विस्तार भइरहेको छ । क्यूआर कोडको विस्तार र लोकप्रियतालाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| महिना | जम्मा क्यूआर | मासिक कारोबार संख्या | मासिक कारोबार रकम (रु.दस लाखमा) |
|---|---|---|---|
| २०७७ असार | १,३८,९६१ | | |
| २०७७ साउन | १,४३,६७४ | १,९५,०१६ | ५८९ |
| २०७७ भदौ | १,४७,७५४ | १,७९,१५० | ६४८ |
| २०७७ असोज | १,५३,८२४ | २,६५,१२५ | ९६९ |
| २०७७ कात्तिक | १,५८,९१४ | २,४१,८१८ | ९३९ |
| २०७७ मङ्सिर | १,६८,४५५ | ३,४३,५७४ | १,२५६ |
| २०७७ पुस | १,९१,२९२ | ३,७२,१७६ | १,२४५ |

स्रोतः *नेपाल राष्ट्र बैंक तथा क्युआर प्रदायक संस्थाहरू*

माथि उल्लिखित आँकडा अनुसार पछिल्ला महिनामा क्यूआरको जडान र प्रयोग व्यापक रूपमा विस्तार भएको देखिन्छ । क्यूआरमा आधारित भुक्तानीलाई थप प्रभावकारी बनाउन ध्यान दिनुपर्ने केही सामयिक पक्षहरू यस प्रकार रहेका छन् :

**सर्वसुलभ इन्टरनेट सेवा**

क्यूआरमार्फत भुक्तानी अभिवृद्धि गर्न इन्टरनेट सञ्जाल विस्तार गर्ने, शुल्क नलाग्ने वाईफाई क्षेत्र विस्तार गर्नुका साथै सरकार र सेवा प्रदायकहरूको सहकार्यमा भुक्तानीका एप्लिकेसनहरू प्रयोग गर्दा खर्च हुने मोबाइल डाटा न्यूनतम शुल्कमा उपलब्ध गराउन आवश्यक पहल हुनुपर्ने देखिन्छ ।

**जनचेतना र ग्राहक शिक्षा, भाषा**

नवीनतम प्रविधिको बारेमा सञ्चार माध्यम र प्रकाशनमा मात्र नभई विद्यालय शिक्षा, अनौपचारिक शिक्षा र जनचेतना शिविर आयोजना गरी प्रयोगकर्तालाई जागरुक बनाउन सकिन्छ । साथै, यस प्रविधि सम्बन्धी पाठ्यसामग्री, मोबाइल एप्लिकेसन र सहायता कक्षमा नेपाली र स्थानीय भाषाको प्रयोगलाई समेत अनिवार्य गर्नुपर्छ । सञ्चार माध्यमले प्रकाशन गर्ने अधुरो, अपुरो र भ्रामक जानकारीलाई खण्डन गर्दै सम्बन्धित निकायले स्पष्टीकरण प्रकाशित गर्ने बानीको विकास गर्नु उपयुक्त हुन्छ ।

**अन्तरआवद्धता**

बजारमा अनेक नामबाट संचालित सेवाप्रदायक र फरक संस्था र बैंकमा आवद्ध भै अभ्यस्त भएका प्रयोगकर्तालाई एकै छाता अन्तर्गत ल्याउन क्यूआर कोड जारी र स्वीकार गर्ने सबै संस्था (एप्लिकेसन) हरूबीच अन्तरआबद्धता गराउने र यसरी भएको कारोबारको राफसाफ मर्चेन्टको आफ्नो बैंक वा वालेट खातामै हुने गरी भुक्तानी संजाल तयार गर्नुपर्छ । यसका लागि नियामक निकायले क्यूआर र भुक्तानी राफसाफ सम्बन्धी मापदण्ड बनाई लागु गराउनुपर्ने हुन्छ ।

**एकीकृत प्लेटफर्म**

नेपालमा हाल उपलब्ध क्यूआरमा आधारित भुक्तानी गर्दा वालेट वा बैंक खाता मात्र डेबिट गर्न मिल्ने अवस्थाका साथै हरेक वालेट र बैंकका लागि अलगअलग एप्लिकेसन राख्नुपर्ने झन्झटलाई समाधान गर्दै सबै वालेट, बैंक खाताका साथै (डेबिट, क्रेडिट) भुक्तानी कार्डहरूसमेत लिङ्क गर्न मिल्ने गरी एकीकृत क्यूआर भुक्तानी एप्लिकेसनको विकास गर्नुपर्छ । यसो गर्दा संस्थाहरूको दोहोरो खर्च र प्रयोगकर्ताको झन्झट न्यूनीकरण मात्र नभई नियमन र नियन्त्रण गर्नसमेत सहज हुने देखिन्छ ।

**सुरक्षा सतर्कता**

क्यूआर कोडमा के जानकारी लुकेको छ र स्क्यान गर्दा कहाँ पुगिन्छ भन्ने कुरा प्रयोगकर्तालाई अग्रिम रूपमा जानकारी नहुँदा अनाहकमा आफ्नो मोबाइल फोनमा हानिकारक सफ्टवेयर तथा भाइरस इन्स्टल गरिएको मात्र होइन तोडमोड गरिएको क्यूआर कोडमार्फत भुक्तानी गर्दा चीनमा लाखौं युआनको चोरी भएको समाचार प्रकाशित भएको छ । चीनमा प्रकाशित तथ्याङ्क अनुसार २४ प्रतिशतभन्दा बढी भाइरस (ट्रोजन) हरू क्यूआर कोडमार्फत फैलिरहेका छन् । यस प्रकारको सुरक्षा चुनौती सम्बोधन गर्न प्रयोगकर्ताले क्यूआर कोड स्क्यान गर्दा निकै सावधानी अपनाउन सचेत गराउनुपर्छ । साथै, भुक्तानी गर्ने एप्लिकेसनबाट मात्र भुक्तानीसम्बन्धी क्यूआर स्क्यान गर्ने तथा हानिकारक क्यूआर कोड स्क्यान गर्नबाट रोक्ने विशेषता पनि भुक्तानी एप्लिकेसनमा विकास गर्न सकिन्छ ।

उल्लिखित तरिकाका अतिरिक्त क्यूआर प्राप्त गर्न मर्चेन्टहरूले पालना गर्नुपर्ने शर्त, ग्राहक पहिचान विवरण र करसम्बन्धी अनुपालनाका मापदण्डहरू खुकुलो गर्नु उपयुक्त हुन्छ । बजार विस्तार र प्रयोगकर्तालाई आकर्षित गर्नका लागि ल्याइएका छोटो अवधिका आकर्षक योजनाको समाप्तिपश्चात् प्रयोगकर्ता स्वतः पुरानो पद्धतिमै फर्कने जोखिम हुने भएकाले दीर्घकालीन सहुलियतको व्यवस्था गर्नु उपयुक्त हुन्छ । नियामक निकायले ग्राहकको हितका साथै सेवाप्रदायकले मर्चेन्टबाट असुल गर्ने कमिसनलाई नियमन गरी बजारमा हुन सक्ने जानकारीको असमान वितरण र अस्वस्थकर प्रतिस्पर्धालाई निरुत्साहित गरे मात्र मर्चेन्टहरू यस प्रविधिको प्रयोगलाई प्राथमिकतामा राख्न तयार हुन्छन् ।

# सुर्खेतमा समसामयिक अन्तरक्रिया कार्यक्रम




सुर्खेत कार्यालयले २०७७ माघ ३० गते 'कोभिड-१९ को प्रभावलगायत अन्य समसामयिक आर्थिक तथा बैंकिङ गतिविधि' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

कार्यालयका उप-निर्देशक डा. शालिकराम पोखरेलको संयोजकत्वमा आयोजित कार्यक्रममा सुर्खेतस्थित बैंक तथा वित्तीय संस्थाका प्रमुख, उद्योगी/व्यवसायी सम्बद्ध संगठनका प्रतिनिधिको सहभागिता थियो ।

उक्त कार्यक्रममा मध्यपश्चिमाञ्चल विश्वविद्यालयका प्राध्यापक डा. चन्द्रप्रसाद रिजालले अर्थतन्त्रमा कोभिड-१९ ले पारेको प्रभावसम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै यसको असर न्यूनीकरण गर्न विभिन्न मुलुकले चालेका नीतिगत व्यवस्थालाई अवलम्बन गर्दै नेपालले पनि रणनीति तयार गरी अर्थतन्त्रलाई गतिशील बनाउनुपर्ने धारणा राख्नुभयो ।

सो अवसरमा कर्णाली प्रदेश बैंकर्स एसोसियसन, सुर्खेतका महासचिव एवम् राष्ट्रिय वाणिज्य बैंक, कर्णाली प्रदेश प्रमुख रामकुमार थापा, उद्योग वाणिज्य महासंघ, कर्णाली प्रदेशका अध्यक्ष पदमबहादुर शाहीलगायतले कोभिडबाट प्रभावित उद्यम, व्यवसायलाई सहुलियत दिइनुपर्ने आवश्यकतामा जोड दिनुभएको थियो ।

सुर्खेत कार्यालयका सहायक निर्देशक विश्वनाथ न्यौपानेले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश समेत पार्नुभएको थियो ।

## बढुवा

जनशक्ति व्यवस्थापन विभागले विभिन्न विभाग/कार्यालयका पाँच जना उप-निर्देशकलाई निर्देशक (अधिकृत प्रथम) पदमा बढुवा गरेको छ । विभागद्वारा २०७६ माघ १६ गते जारी सूचना अनुसार, नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावली, २०६८ को विनियम ५२ बमोजिम उहाँहरूको बढुवा भएको हो । यसरी बढुवा हुनेमा मुद्रा व्यवस्थापन विभागका निरा ताल्चाभडेल, आर्थिक अनुसन्धान विभागका विज्ञानराज सुवेदी, कानुन महाशाखाका थानेश्वर आचार्य, गभर्नरको कार्यालयका नारायणप्रसाद पोखेल र आर्थिक अनुसन्धान विभागका माधव दंगाल हुनुहुन्छ ।

यसै गरी, विभागले माघ २१ गते विभिन्न विभाग/कार्यालयका १५ जना सहायक निर्देशकहरूलाई उप-निर्देशक (अधिकृत द्वितीय) श्रेणीमा बढुवा गरेको छ । यसरी बढुवा हुनेमा लघुवित्त संस्था सुपरिवेक्षण विभागका डा. रमेशप्रसाद चौलागाईं, विराटनगर कार्यालयका खिलबहादुर श्रेष्ठ, लघुवित्त संस्था सुपरिवेक्षण विभागका राजकुमार खत्री, मुद्रा व्यवस्थापन विभागका बबी केसी, वित्तीय जानकारी इकाईका दिलबहादुर सुब्बा आङ्दम्बे र रामेश्वर पोखरेल, सिद्धार्थनगर कार्यालयका विष्णुप्रसाद उपाध्याय हुनुहुन्छ । साथै, बढुवा हुने अन्यमा विदेशी विनिमय व्यवस्थापन विभागका ध्रुव पोखरेल र प्रल्हाद खड्का, सुर्खेत कार्यालयका विश्वनाथ न्यौपाने, लघुवित्त संस्था सुपरिवेक्षण विभागका बबिता ढुङ्गाना, भुवानीप्रसाद गौतम र विष्णुबहादुर श्रेष्ठ, आन्तरिक लेखापरीक्षण विभागका जगदीशकुमार र लघुवित्त संस्था सुपरिवेक्षण विभागका अम्बिका नेपाल हुनुहुन्छ ।

जनशक्ति व्यवस्थापन विभागद्वारा माघ २७ गते जारी सूचना अनुसार सात जना प्रधान सहायकलाई सहायक निर्देशक (अधिकृत तृतीय) श्रेणीमा बढुवा गरिएको छ । यसरी बढुवा हुनेमा लघुवित्त संस्था सुपरिवेक्षण विभागका युवराज दाहाल, आर्थिक अनुसन्धान विभागका उदयराज पौडेल, पोखरा कार्यालयका विजया गौतम, राष्ट्र ऋण व्यवस्थापन विभागका डिल्लीकुमार थापा मगर, सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका सुरज चौधरी, राष्ट्र ऋण व्यवस्थापन विभागका मञ्जुकुमारी न्यौपाने र धनगढी कार्यालयका तुलसा ओझा हुनुहुन्छ । बढुवा हुनु भएका सम्पूर्ण कर्मचारीहरुमा *नेपाल राष्ट्र बैंक समाचार* बधाई ज्ञापन गर्दछ ।

## अवकाश

लघुवित्त संस्था सुपरिवेक्षण विभागका निर्देशक ईश्वरीप्रसाद न्यौपानेले २०७७ माघ २२ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ । उहाँले ५८ वर्ष उमेरहदका कारण अवकाश पाउनुभएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।

*प्रकाशक*
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

*सम्पादक*
डा. भागवत आचार्य

*सम्पादन सहयोगी*
विष्णुप्रसाद फुयाल
लालकुमार सुवेदी
नवीना ताम्राकार